महाशिला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प.सं ०७५।७६
च.नं

बालाकोट,पर्वत
गण्डकी प्रदेश, नेपाल

मितिः- २०७५। ७। २७

## एक घर एक टनेल कार्यक्रममा आबेदन पेश गर्ने बारेको सुचना ।

महाशिला गा.पा. को आ. ब. २०७५।७६ मा कृषि तर्फ ताजा तरकारी उत्पादन गरी तरकारीमा आत्मनिर्भर गराउने उद्देश्यले प्रत्येक वडामा १ घर १ टनेल कार्यक्रम राखिएको हुँदा ईच्छुक कृषकहरुले मंसीर मसान्त भित्र तपसिलमा लेखिएको सर्त मा रहने गरी आ-आफ्नो वडा कार्यालयमा निवेदन दिई एकमुष्ट रुपमा महाशिला गा.पा. कृषि शाखा बालाकोटमा पेश गर्नु हुन सुचित गरिन्छ ।

सर्तहरु :

१. निवेदन प्रत्येक वडामा संकलन गरी कृषि शाखा मार्फत आउनुपर्ने छ ।
२. टनेलको घर निर्माण गरि कृषक घर भित्र बसेर फोटो खिचेर फोटो संलग्न हुनुपर्नेछ ।
३. टनेलको साइज निवेदनमा खुलाउनु पर्नेछ ।
४. सूचनामा उल्लेखित समय अवधि पछि आउने निवेदकले टनेल पाउने छैन ।
५. कृषि प्राबिधिकले टनेल घरको अनुगमन गरी सिफारिस गरे पश्चात मात्र टनेल उपलव्ध गराइनेछ ।

किसान बहादुर क्षेत्री
प्रमुख प्रशासकिय अधिकृत